# पोखरा महानगरपालिका, कास्की
## आधारभूत तह परीक्षा–२०८२

कक्षा : आठ — पूर्णाङ्क: ५०

समय : २ : ०० घण्टा — विषय : नेपाली

---

*(शुद्ध, सफा, मौलिक र सिर्जनात्मक उत्तरलाई विशेष प्राथमिकता दिइने छ ।)*

१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : (२)

[पुलकित, अद्‌भुत, हविगत, अमुक, तपसिल]

(क) अनौठो, आश्चर्यजनक........

(ख) बिग्रँदो अवस्था, नाजुक स्थिति.........

(ग) ज्यादै खुसी भएको अवस्था..........

(घ) तल लेखिएको, विस्तृत वर्णन..........

२. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् : (२)

(क)'कोसेली' को उस्तै अर्थ दिने शब्द..... हो।(कपडा, उपहार, जमर्को)

(ख)'उत्थान' को उल्टो अर्थ दिने शब्द ..... हो ।(प्रारम्भ, वासस्थान, पतन)

(ग)'कर' शब्दको अर्थ .........होइन । (शुल्क, भाडा, ढिपी)

(घ)'पानी' को लघुतावाची शब्द..... हो । (शीत, थोपो, टुक्रो )

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (२)
बाँदरका हातमा नरिवल, अनुसन्धान

४. दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : (१)

(अ) विबिध बिविध विविध बिबिध

(आ) सङ्कलन संकलन सम्कलन सन्कलन

५. दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् : (२)
रनबहादुरले हाकीमसँग जोडदार माग गर्दै भन्यो, हाम्रो उल्ले खोलालाइ एउटा राम्रोपुल चाहिन्छ।

६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस्: (२)
नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन नेपालको अर्थतन्त्र सबल हुनपर्छ।

७. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : (२)

(क)साथीहरूले परीक्षामा राम्रो ........। (लेख् : पूर्ण वर्तमान )

(ख)किसानले धेरै अन्न .......। ( फलाउ : अज्ञात भूत )

(ग)तिमी साहित्यिक कार्यक्रममा ......।(जा : आज्ञार्थक)

(घ)समय अनुसार चल्न सके ठिक ..... । (हु : सम्भावनार्थक)

८. कोष्ठकमा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :(३)

(क)विद्यार्थीहरू शैक्षिक भ्रमण गएछन्। (अकरण)

(ख)उनी निकै चलाख छन्। (प्रथम पुरुष)

(ग)म त सबेरै उठेर योग गर्छु। (भाववाच्य)

९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस्: (३)

बडीमालिका बाजुरा जिल्लामा अवस्थित धार्मिक तथा प्राकृतिक दुवै हिसाबले चर्चित स्थल हो। बाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट तीनचार दिनको पैदल यात्रापश्चात् त्यहाँ पुग्न सकिन्छ। बडीमालिका प्रख्यात शक्तिपीठ हो। बडीमालिकाको दर्शन गर्नाले मनोकामना पूरा हुने जनविश्वास छ। त्यहाँबाट सुन्दर हिमालहरूको दृश्यावलोकन गर्न पाइन्छ। बडीमालिकाले आआफ्नो विश्वासलाई बलियो बनाएको छ।

प्रश्नहरू:

(क)अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक एकओटा शब्द पहिचान गरी लेख्नुहोस्।

(ख)अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस्।

(ग)अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस्।

१०. तल दिएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: (४)

प्राङ्गारिक मल भन्नाले गोबर मल, कम्पोस्ट मल, हरियो मल र पिना मल भन्ने बुझिन्छ। गोबर मल गाईभैंसीको गोबरमा सोतर मिलाएर बनाइन्छ। बोटबिरुवालाई आवश्यक पर्ने नाइट्रोजन, फस्फोरस, पोटास, जस्ता तत्त्व दिने प्राङ्गारिक मल कृषि क्षेत्रमा निकै उपयोगी मानिन्छ। खेर जाने, कुहिने पदार्थहरू तथा बोटबिरुवाका पातपतिङ्गरलाई खेतबारीमै गाडेर पनि प्राङ्गारिक मल बनाउन सकिन्छ; जसलाई कम्पोस्ट मल भनिन्छ। त्यस्तै तोरी, बदामबाट तेल निकालिसकेपछि बाँकी रहेको खस्रो पदार्थलाई पनि प्राङ्गारिक मलका रूपमा प्रयोग गरिन्छ। त्यसलाई पिना मल भनिन्छ। कतिपय खेर जाने पदार्थको सदुपयोग पनि हुने र कृषि क्षेत्रलाई टेवा पुऱ्याउने हुनाले प्राङ्गारिक मलको महत्त्व दिनानुदिन बढ्दो छ।

प्रश्नहरू:

(क)प्राङ्गारिक मल भनेको के हो ?

(ख)पिना मल कसरी तयार गरिन्छ ?

(ग)प्राङ्गारिक मलबाट कस्ता तत्त्व पाइन्छन् ?

(घ)प्राङ्गारिक मलको महत्त्व किन बढेको हो ?

११. दिइएको गद्यांशबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् : (४)

हरेक व्यक्तिभित्र कुनै न कुनै क्षेत्रमा लाग्ने रुचि वा लगाव हुन्छ। कसैलाई पढ्ने लेख्ने त कसैलाई नाच्ने गाउने रुचि हुन्छ। कसै कसैमा कुनै नयाँ काम गरेर कीर्तिमान कायम राख्ने चाहना हुन्छ। जुन्को ताबेईभित्र चाहिँ पर्वतारोहणप्रतिको तीव्र चाहना थियो। उनले आफू १० वर्षकी हुँदा शैक्षिक भ्रमणका क्रममा पहिलो पटक जापानको माउन्ट नासुको आरोहण गरेकी थिइन्। त्यस बेला उनी चार कक्षामा **पढ्थिन्** र केही अस्वस्थ पनि थिइन्। त्यस्तो अवस्थामा पहिलो पटक गरिएको पर्वतारोहणबाट उनी निकै उत्साही बनिन्। त्यसपछि सधैं पर्वतारोहणप्रतिको लगावका कारण उनले स्नातक तह पूरा गरुन्जेलसम्म यसलाई पनि निरन्तरता दिइरहिन्।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)

(क)दिइएका बुँदाका आधारमा शीर्षकसहितको कथा तयार गर्नुहोस्:

कुनै एक ऋषि तपोवनमा जानु ............ ऋषि तपस्यामा लीन हुनु ......... .केही डाँकाले एक जना व्यापारीलाई लखेट्दै ल्याउनु ... व्यापारी भाग्दै ऋषिको आश्रममा आइपुग्नु ... व्यापारी कुटीभित्र लुक्नु ...ऋषिको कहिल्यै झुट नबोल्ने प्रतिज्ञा हुनु .... डाँकाहरूले ऋषिसँग व्यापारीबारे सोध्नु .... ऋषिले साँचो कुरा बताउनु व्यापारीलाई डाँकाहरूले भेट्टाउनु .... व्यापारी मारेको पाप ऋषिलाई लाग्नु .... ऋषि पश्चातापमा पर्नु .... राम्रै काम गर्दा पनि कहिलेकाहीं दोषी बन्नुपर्ने.....।

(ख) अस्वस्थ खानेकुराले बालबच्चाको स्वास्थ्यमा पारेको प्रभावका बारेमा दुई जना साथीका बिचमा हुने संवादको नमुना तयार पार्नुहोस्।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: (३)

(क) मोबाइल फोनको दुरूपयोग बढ्दै गएको विषयमा चिन्ता व्यक्त गर्दै समाधानका उपायहरूसहित कुनै राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस्।

(ख)पोखरा महानगरपालिका, शिक्षा महाशाखाद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल विद्यार्थीलाई विद्यालयको तर्फबाट दिइने बधाई पत्र तयार पार्नुहोस्।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस् : (३)

(क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदका प्यारा लासले धिक्कार्ला।

(ख )एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन।

१५. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :(४)

तल्लो भऱ्याङबाट भक्त ओर्लेको आवाज आएपछि भाजुलालले सिरानीमुनिबाट मूर्ति झिकेर खटियामाथि राखे अनि शान्तपूर्वक टुलुटुलु हेरे। हेर्दाहेर्दै परेलासमेत फुलेका उनका आँखाका डिलमा आँसुका दाना टलपल छचल्कन थाले। १५ औं दिनको तेस्रो प्रहरमा ती भक्त आशापूर्ण हृदयले शिल्पकारको कोठामा आइपुगे। उनले श्रीकृष्णको

मूर्तिलाई सानो खटियामाथि अड्याएर राखेको देखे। देख्नासाथ लोभिएर आफ्नो हातमा लिई गहिरोसित हेर्न थाले। हेर्दाहेर्दै भित्री आत्माबाट एक उद्‌गार निस्कियो, आहा! क्या मनोहर मूर्ति। कति लिनुहुन्छ यो मूर्तिको ? अब कति दिनुपर्‍यो मैले ? भाजुलाल बोलेनन्, केही बोलेनन्। मानौं, उनका गलामा सारा व्यथा थुप्रिएका थिए।

पश्नहरू:

(क)मूर्ति कहाँ राखिएको थियो ?

(ख)भक्तको आत्माबाट के उद्‌गार निस्कियो ?

(ग)कसका गलामा व्यथा थुप्रिएका थिए ?

(घ)भाजुलालले कसलाई मूर्ति दिन चाहेनन् ?

१६ कुनै एक प्रश्नको उत्तर दिनुहोस्: (५)

(क) दिइएको कवितांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस्:

युग बदल्ने जोसिला पाइला
ऊर्जाशील मुट्‌ठीहरू
गोलीले छेड्न नसक्ने छातीहरू
आऊ परिवर्तनको एउटा युगान्तकारी नक्सा कोरौं
अनि पो देश बाँच्न सक्छ
फर्क युवा हो देश फर्क
हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौं

सन्देश दिएर बाँचौ ।

प्रश्न:

'फर्क आफ्नो देश' कवितामा युवाहरूलाई किन देश फर्कनका लागि आह्वान गरिएको हो ? वर्णन गर्नुहोस्।

(ख) तलको कथांश पढी समीक्षात्मक उत्तर दिनुहोस्:

"बा र आमा दुवै जनाले भन्नुभयो", म अहिले सानै छु, यो जुत्ता अलि ठूलो छ रे । यो जुत्ता मेरो खुट्टा मा सुहाउँदैन रे। गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुईंमा राखिन् र त्यहींबाट ओझेल भइन् तर जानुभन्दा पहिले उनले आफ्ना व्यथित नजरले पुलुक्क मतिर हेरेकी थिइन्। उनका बाटुला आँखाबाट दुई थोपा आँसु तरक्क गालातिर चुहिँदै थिए।

प्रश्न:

'एकजोर जुत्ता' कथामा कस्तो बालमनोविज्ञान प्रस्तुत भएको छ ? चर्चा गर्नुहोस्।

१७तलका कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस्:(५)

(क)हाम्रो संस्कृति: हाम्रो पहिचान

(ख)वातावरण प्रदूषण: आजको समस्या

(ग)सिकाइमा प्रविधिको महत्त्व

समाप्त